# नेपाल विद्युत प्राधिकरण
## योजना, अनुगमन तथा सुचना प्रविधि निर्देशनालय
## विद्युत व्यापार विभाग

## नदी प्रवाही जलविद्युत आयोजनाहरुको विद्युत खरीद विक्री सम्झौताका लागि सम्पर्क गर्न आउने बारे प्रवर्द्धकहरुलाई सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।११।०४

नेपाल विद्युत प्राधिकरण, सञ्चालक समितिको मिति २०७९।१०।२६ को ९३० औं बैठकबाट नेपाल सरकार, मन्त्रिपरिषदको उत्पादन मिश्रण सम्वन्धि मिति २०७९।०३।२४ को निर्णयानुसार जलाशययुक्त आयोजनाको साविक प्रतिशतलाई १०% ले कम गरी नदी प्रवाहमा आधारित (ROR) जलविद्युत आयोजनाको लागि उक्त प्रतिशत थप गर्दा साविक ३५% (५,२५० मेगावाट) बाट १०% (१,५०० मेगावाट) सीमा वृद्धि गरी ४५% (६,७५० मेगावाट) नपुगेसम्म विद्युत खरीद विक्री दर लगायतका सम्पुर्ण प्रावधानहरु यथावत रहने गरी ग्रीड कनेक्सन एग्रिमेन्टको रोलक्रमका आधारमा ROR जलविद्युत आयोजनाहरुको विद्युत खरीद विक्री सम्झौतालाई निरन्तरता दिने निर्णय भएको छ ।

अतः उपरोक्त सीमा भित्र रहेका र रोल क्रम अनुसार कनेक्सन एग्रिमेन्ट सम्पन्न भई सकेका ROR जलविद्युत आयोजनाहरुको विद्युत खरीद विक्री सम्झौताको लागि अध्यावधिक विवरण / कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस विभागमा निवेदन साथ सम्पर्क गर्न आउनु हुन सम्वन्धित प्रवर्द्धक कम्पनीहरुलाई सूचित गरिन्छ । साथै ग्रीड कनेक्सन एग्रिमेन्ट सम्पन्न भएका ROR आयोजनाहरुको सुचि www.nea.org.np/publications मा यस अघि नै प्रकाशित गरिसकिएको व्यहोरा समेत अनुरोध गरिन्छ ।

निर्देशक

विद्युत व्यापार विभाग